नेपाल इन्स्योरेन्स
नेपालको पहिलो
बीमा कम्पनी

प.स.नं ७७/१४६

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरवारप्लाजा, काठमाण्डौं ।

मिति : २०८१/०१/१८

**विषय : विशेष साधारण सभा बस्ने प्रयोजनार्थ शेयर दाखिला, खारेज बन्द गरिने बारे ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस कम्पनीको मिति २०८१/०१/१८ गते अपरान्हको ५:१५ बजे बसेको सञ्चालक समितिको निर्णयानुसार कम्पनीको विशेष साधारण सभा निम्न स्थान, मिति र समयमा बस्ने भएको र उक्त साधारण सभा बस्ने प्रयोजनार्थ यहि मिति २०८१/०१/२७ गते विहिवार कम्पनीको शेयर दाखिला, खारेज बन्द हुने व्यहोरा जानकारी गराउंदछौं ।

साथै, कम्पनीको सञ्चालक समितिले प्रस्ताव गरेको कम्पनीको चुक्ता पूंजी चुक्ता पूंजी रु १,६४,४२,४१,९४०।- (अक्षरुपी एक अर्व चौसट्ठी करोड बयालिस लाख एकचालिस हजार नौ सय चालिस) को ४० प्रतिशत अर्थात १० शेयर बराबर ४ शेयरका अनुपातमा हुने हकप्रद शेयर जारी गर्ने प्रस्तावलाई उक्त विशेष साधारण सभामा स्वीकृतिका लागि पेश गरिने व्यहोरा अनुरोध गर्दछौं ।

विशेष सभा बस्ने स्थान, मिति र समय

स्थान : नेपाल प्रज्ञा प्रतिष्ठान कमलादी, काठमाडौं ।
मिति : २०८१ साल जेठ ०४ गते शुक्रबार (तदनुसार १७ मे २०२४)
समय : बिहानको ११:०० बजे

संलग्न

१) विशेष साधारण सभाको बिषय सुचि थान -२

भवदीय

सुलना श्रेष्ठ
कम्पनी सचिव

बोधार्थ :

१) श्री नेपाल बीमा प्राधिकरण ।
२) श्री नेपाल धितोपत्र बोर्ड ।
३) श्री सिडिएस एण्ड क्लियरिङ्ग लि. ।
४) श्री एनआईएमबि एस. क्यापिटल लि. ।

Ameer Bhawan, 1st & 7th Floor, Ganeshthan, Kamaladi, Kathmandu, Nepal
Post Box: 3623
Toll Free No : 16600161666
Fax : + 977-1-4225446
Tel: 01-5321353, 5345568, 5345565, 5328690, 5320614, 5350463
Email: nic@nepalinsurance.com.np
Website: www.nepalinsurance.com.np

## विशेष साधारणसभा बस्ने स्थान, मिति र समय:

स्थान : नेपाल प्रज्ञा प्रतिष्ठान कमलादी, काठमाडौं ।
मिति : २०८१ साल जेठ ०४ गते शुक्रबार (तदनुसार १७ मे २०२४)
समय : बिहानको ११:०० बजे

### विषय सूची:

**(क) विशेष प्रस्तावहरु :**

१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम कम्पनीको हाल कायम रहेको जारी तथा चुक्ता पूँजी रु १,६४,४२,४१,९४० (अक्षरुपी एक अर्व चौसट्ठी करोड बयालिस लाख एकचालिस हजार नौ सय चालिस) को ४० प्रतिशत अर्थात १० शेयर बराबर ४ शेयरका अनुपातले हकप्रद शेयर जारी गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

२) हकप्रद शेयर जारी पश्चात कम्पनीको जारी तथा चुक्ता पूँजी बृद्धि भई रु.२,३०,१९,३८,७१६ (अक्षरुपी रु दुई अर्व तीस करोड उन्नाईस लाख अड्तिस हजार सात सय सोह्र) पुग्ने हुँदा सोही बमोजिम कम्पनीको प्रबन्ध-पत्रको दफा ५ को (ख) र (ग) मा भएको जारी तथा चुक्ता पूँजी सम्बन्धी व्यवस्था संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

३) संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत कम्पनीबाट भएको खर्च अनुमोदन गर्ने ।

४) संशोधित प्रबन्ध-पत्र तथा नियमावली अभिलेख गर्ने निकाय वा नियमनकारी निकायबाट कुनै फेरबदल गर्न निर्देशन प्राप्त हुन आएमा सो अनुसार गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

**(ख) विविध :**

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

### विशेष साधारण सभा सम्बन्धी सामान्य जानकारी

१. कम्पनीको विशेष साधारण सभामा उपस्थिति प्रयोजनका लागि मिति २०८१ साल बैशाख २७ गते बिहिबार १ दिनका लागि कम्पनीको शेयरधनी दर्ता किताब बन्द रहनेछ । साथै, नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८१ साल बैशाख २६ गते सम्म कारोवार भई प्रचलित कानून बमोजिम यस कम्पनीको शेयर रजिष्ट्रार एनआईएमबि एस. क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौमा प्राप्त शेयर नामसारी लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले मात्र उक्त सभामा भाग लिन पाउने छन् ।

२. शेयरधनी महानुभावहरुले आफ्नो परिचय दिने आधिकारिक परिचयपत्र तथा विशेष साधारणसभा प्रयोजनार्थ जारी प्रवेश पत्र वा नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा शेयर प्रमाणपत्रको प्रतिलिपि/हितग्राही खाता नम्बर लिई आउनु हुन अनुरोध गरिन्छ । सभा शुरु हुनु भन्दा एक घण्टा अगावै सभाकक्षमा उपस्थित भई दिनुहुन समेत शेयरधनी महानुभावहरुलाई अनुरोध गरिन्छ ।

३. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । हाजिरी पुस्तिका बिहानको १०.०० बजे देखि खुल्ला रहनेछ ।

४. नाबालक शेयरधनीहरुको तर्फबाट संरक्षकले सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्त गर्न र मत दिन समेत सक्नेछन् । शेयरधनीको दर्ता किताबमा संरक्षकको रुपमा नाम लेखिएको व्यक्तिलाई मात्र संरक्षक मानिनेछ ।

५. संयुक्त रुपमा शेयर ग्रहण गर्ने शेयरधनीहरुको हकमा शेयरधनीहरुको किताबमा जसको नाम पहिले उल्लेख भएको छ सो व्यक्ति वा संयुक्त शेयरधनीहरुको सर्वसम्मतिबाट आफूहरु मध्ये नियुक्त व्यक्तिले मात्र सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्त गर्न र मत दिन सक्नेछन् ।

६. सभामा भाग लिन प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावले कम्पनीको सोही समूहको अर्को शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सक्नु हुनेछ र सो सम्बन्धी प्रोक्सी फारम सभा शुरु हुनु भन्दा ४८ घण्टा अगावै कम्पनीको प्रधान कार्यालयमा बुझाई सक्नु पर्नेछ । प्रोक्सी फारम यस कम्पनीको वेवसाईट बाट डाउनलोड गर्न सकिने छ ।

७. सभामा भाग लिन प्रतिनिधि नियुक्त गरी प्रोक्सी कम्पनीमा बुझाई सकेपछि सो प्रोक्सी बदर गरी अर्को दिन चाहेमा सोको सूचना सभा शुरु हुनुभन्दा ४८ घण्टा अगावै कम्पनीको प्रधान कार्यालयमा पुग्नु पर्नेछ र नयाँ प्रोक्सीको हकमा बुँदा नं (६) मा लेखिए बमोजिम हुनेछ ।

८. शेयरधनीले एक भन्दा बढी प्रतिनिधि नियुक्त गरेको अवस्थामा जसको सबैभन्दा पहिले प्राप्त भई दर्ता भएको हो माथिको बुँदा नं (७) मा लेखिए बमोजिम बदर गरिएमा बाहेक उसैलाई प्रतिनिधि मानिनेछ र सभामा सम्बन्धित शेयरधनी आफै उपस्थित हुन आएमा शेयरधनीले गरिदिएको प्रोक्सी स्वतः बदर हुनेछ ।

९. सभा सम्वन्धी अन्य काम कार्यवाही कम्पनी ऐन, २०६३, बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०८० तथा कम्पनीको प्रबन्ध-पत्र र नियमावली बमोजिम हुनेछ ।

१०. सभा सम्बन्धी अन्य विस्तृत जानकारीको लागि कार्यालय समय भित्र कम्पनीको प्रधान कार्यालय, कमलादी, काठमाण्डौंमा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।